# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(आन्तरिक राजस्व व्यबस्थापन उप-शाखा) ☎ :- ०३३

लहान (सिरहा)

प्रदेश नं. २, नेपाल

५६०१३७
प्र.प्र.अधिकृत
५६०१३८
प्रशासन शाखा


पत्र संख्या :- २०७५/०७६

चलानी नं. :- २४०५

मिति :- २०७५/१०/२९

(दोस्रो पटक प्रकाशित २०७५/१०/२९)

---

बिषय :- बैलहाट (पशु बजार) सेवा शुल्क संकलन ठेक्का सम्वन्धि दरभाउ पत्र आह्वान सूचना ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानीय पूर्वाधार सेवा र उपयोगमा संकलन गर्न पाउने आन्तरिक आय तर्फ बैलहाट (पशु बजार) सेवा शुल्क दोश्रो नगरसभावाट स्वीकृत दररेटमा आ.व. २०७५/०७६ (०७५ फाल्गुण ०१ गते देखि आ.व. २०७६/०७७ माघ मसान सम्म- १ (एक) वर्षकालागि अग्रीम एकमुष्ठ गनी महशुलमा ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुवाट निम्न शर्तहरुका अधिनमा रही रीतपूर्वकको शिलवन्दी दरभाउ पत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु</u> :-

०१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन सम्म कार्यालय समय भित्र उल्लेखित शिलवन्दी दरभाउ पत्र फारम दस्तुर रु. १,०००।- (एक हजार) पछि फिर्ता नहुने गरी तिरी यस कार्यालयको आन्तरिक राजश्व व्यवस्थापन उप-शाखावाट शिलवन्दी दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको शिलवन्दी दरभाउ पत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्वन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ औं दिन दिनको १२:०० वजे सम्म यस कार्यालयमा शिलवन्दी दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका शिलवन्दी दरभाउ पत्रहरु सोही दिन दिनको २:०० वजे उपस्थित शिलवन्दी दरभाउ पत्र दाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा न.पा.कार्यालयमा खोलिने छ । उक्त समयमा शिलवन्दी दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वकको शिलवन्दी दरभाउ पत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

०३. शिलवन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शिलवन्दी दरभाउ पत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशीक नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि.,लहान स्थीत च.हि.नं. ०३६०३०००००००३००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भाउचर वा सो रकम वरावरको यस कार्यालयका नाउंमा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारि गरिएको कम्तीमा ७५ दिनको म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ साथै धरौटी रकम शिलवन्दी दरभाउ पत्र साथ नगद खामी आएमा मान्यता दिइने छैन ।

०५. शिलवन्दी दरभाउ पत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०६. शिलवन्दी दरभाउ पत्र स्वीकृत भए पछि ठेक रकमको अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पूजाकोलागि ठेक अंकमा १.५% रकम जोडि एकमुष्ठ दाखिला गर्नु पर्नेछ ।

०७. कुनै कारण वस ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

२०७५/१०/२९

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

०८. शिलवन्दी दरभाउ पत्र पेश गर्दा शिलवन्दी दरभाउ पत्र दाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको शिलवन्दी दरभाउ पत्र लाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको शिलवन्दी दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन ।

०९. एक पटक शुल्क लिई सकेको मवेसिमा पुनः दोहरो शुल्क लिन पाईने छैन ।

१०. शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाले तोकि दिएको ढांचामा ठेकेदारले आफनो तर्फवाट छपाई कार्यालयवाट प्रमाणित गराई कार्यालयको छाप लगाई रसिद नम्वर दाखिल गरेर मात्र प्रयोग गर्न पाईने छ । प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्वारा कानूनी कार्यवाही गरिनेछ ।

११. यस ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने सम्पूर्ण कर दस्तुर फि महशुल आदी ठेकेदारले नै वुझाउनु पर्नेछ ।

१२. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम तथा केन्द्रीय सरकार, प्रदेश सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा न.पा.ले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ ।

१३. ठेक्का संचालन गर्दा कुनै विवाद उत्पन्न भई ठेक्का तोडिन गएमा नगरपालिकाले दामाशाहीले ठेक अंक निर्धारण गर्नेछ, त्यसमा ठेकेदारले कुनै विवाद गर्न पाउने छैन ।

१४. प्राप्त शिलवन्दी दरभाउ पत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. यस सेवा शुल्क ठेक्काको न्यनतम ठेक अक्त रु. ४,२६,१०१।- (चार लाख छविस हजार एक सय एक) अन्य कर वाहेक कायम रहेकोले, सो भन्दा कम कबोल गर्न पाईने छैन ।

१६. शिलवन्दी दरभाउ पत्र सम्वन्धी केही कुरा वुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राखी वुझ्न सकिनेछ ।

## बैलहाट (पशु बजार) सेवा शुल्कको दररेट

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ०१. | गाई, गोरु, भैंसी, रागा, घोडा र घोडी प्रति थान बेच्नेवाट | १००।- | |
| ०२. | गाई, गोरु, भैंसी, रागा, घोडा र घोडी प्रति थान किन्नेवाट | १००।- | |

०८।१०।७५

(ई. शत्रुधन प्रसाद चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner